रुपन्देही जिल्लाको धकधईमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३० जनाग्राहक सदस्यहरुको सहभागितामा २०७६ भाद्र २९ गतेदेखि ३१ गतेसम्म रुपन्देही जिल्लाको धकधईमा "ब्यवसायिक बाख्रापालन तालिम" सम्पन्न गरेको संस्थाका धकधई कार्यालयका शाखा प्रमुख श्री युबराज तिमिल्सिनाले जानकारी गराएका थिए। यस तालिममा ३ वाह्य विशेषज्ञ/प्रशिक्षकहरु सहित शाखा प्रमुख श्री युबराज तिमिल्सिना, क्षेत्रीय प्रबन्धक श्री शम्भु न्यौपाने, रोहीणी गाउँपालीकाका प्रमुख श्री सनोज कुमार यादव लगायत उज्यालो संदेशका धकधईका पत्रकार श्री बिबेक बिश्वकर्मा रहेका थिए।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रबन्धक शम्भु न्यौपानेले बताएका थिए। तालिममा सहभागीहरुलाई स्वागतगर्नुका साथै तालिमको उद्देश्यबारेमा संस्थाको क्षेत्रिय प्रबन्धक शम्भु न्यौपाने र शाखाका प्रमुख युबराज तिमिल्सनाले प्रकाश पारेका थिए।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबै भन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटाशाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता व्यवसायीक साक्षरता र सचेतना मूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अतिदुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरीग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ । संस्थाले २०७६ श्रावण मसान्त सम्ममा ३ लाख ५८ हजार ६०१ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । २०७६ श्रावण मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १९ अरब ६० करोड ८५ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब १४ करोड ९७ लाख बचत परिचालन गरेको छ ।



बाख्रापालन व्यवसाय एक परिचय, स्थानीय र उन्नत बाख्रामा भिन्नता, बाख्रापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाख्राहरुको जातिय परिचय, बाख्रापालन विधि, उमेर अनुसार पाठापाठी, बाख्रा बोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार बाख्रालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बाख्रा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातिय तथा प्रजातिय प्रजननबाट हुने फाईदा बेफाईदाबारे जानकारी, थारा, ब्याउने बाख्रा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दाना पानी दिने भाँडाहरुको सरसफाईको साथै खसी पार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बाख्राको पहिचान, रोग लाग्नाका कारण तथा बाख्रामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाखाको छ मासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपायबारे जानकारी, बाख्रामाहुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रमबारे जानकारी, स्थानीय बाख्रा पालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन, बाख्रा पालनको स्किम, बचतको महत्व तथा संस्थाका सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको पशु सेवा कार्यालयका विशेषज्ञले बताएका थिए । व्यवसायिक रुपमा बाख्रापालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गरी व्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपानेले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु रोहीणी गाउँपालीका वार्ड नं.३ का बर्डा प्रमूख श्री बिर बहादुर क्षेत्री, क्षेत्रीय कार्यालय भैरहवाका कार्यक्रम अधिकृत श्री प्रेम प्रसाद सुबेदी, श्री ओम प्रकास ठाकुर र श्री युबराज तिमिल्सिनाले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा बाख्रापालन गरि आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाइ व्यवसायमा प्रयोग गरि ब्यवस्थित र आधुनिक तरिकाले ब्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 